# गुलरिया नगरपालिका,
# नगर कार्यपालिकाको कार्यालय, बर्दिया

## माछा पालन सम्बन्धी ठेक्काको सुचना

(प्रथम पटकको सुचना मिती २०७८/०५/२८

यस गुलरिया नगरपालिकाको नगरस्तरीय राजस्व परामर्श समितिको मिति २०७८/०५/१७ गते बसेको स्थानिय राजस्व परामर्श बैठकको सिफारिसि अनुसार गुलरिया नगरपालीका माछापालन ठेक्काको सिलबन्दी दरभाउपत्र स्थानीय निकाय आर्थिक प्रशासन नियमाबली २०६४ को परिच्छेद ६ को दफा १६७ बमोजिम प्रथम पटक सिलबन्दी दरभाउपत्र आब्हान गरीएकोले इच्छुक महानुभावहरु बाट तपसिल अनुसारको शर्त बमोजिम सिलबन्दी दरभाउपत्र फाराम पेश गर्नका लागी यो १५(पन्ध) दिने सूचना प्रकाशीत गरिएको छ ठेक्का लिन इच्छुक ब्याक्ती ,संस्था , तथा सबै महानुभाबले तोकिएको म्याद भित्र दरभाउपत्र खरिद गरि कार्यालयमा पेश गर्न हुनको लागी यो सूचना प्रकाशन गरिएको छ ।

१. दरभाउपत्र फारम रु. १०००।- पछि (फिर्ता नहुने गरी) यस कार्यालयबाट मिति २०७८/५/२८ देखि २०७८/०६/११ गते सम्म कार्यालय समय भित्र खरिद गरि सक्नु पर्नेछ ।
२. दरभाउपत्र फारम साथ नेपाली नागरीकको लागि आफूले कबोल गरेको अकंको ५ प्रतिशत ले हुने रकम र विदेशीको हकमा १० प्रतिशत रकम यस कार्यालयको नाममा रहेको रा.बा. बैकं गुलरिया शाखाको धरौटी खाता ४१४०१००३०३००००२ मा जम्मा गरेको सक्कल भौचर, नेपाली नागरिकताको प्रमाणपत्र को फोटोकपी, विदेशीको हकमा पासपोर्टको फोटोकपी बोलपत्र साथ संलग्न राखी पेश गर्नुपर्नेछ ।
३. सिलबन्दी दरभाउ पत्र मिति २०७८/०६/१२ गते अपरान्ह १२ बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ ।
४. सिलबन्दी दरभाउपत्र मिति २०७८/०६/ १२ गते दिनको २ बजे ठेकेदार वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ । बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
५. सिलबन्दी दरभाउपत्र लिने दिने र खोल्ने दिनमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा खोलिने छ ।
६. कुनै पनि शर्त राखी वा हुलाक, आ.वा. वा टेलिफोन बाट कबोल गरेको अंक लाई मान्यता दिइने छैन ।
७. प्रचलित कानुन अनुसार लाग्ने कर तथा आयकर स्वयम बोलदाताले व्यहोर्नु पर्नेछ ।
८. सम्झौता गर्न आउँदा कबोल अंक बराबरको एक वर्ष बैंक ग्यारेन्टी (नेपाल राष्ट्र बैकंको मान्यता प्राप्त बैकंबाट) अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
९. बोलकबोलकर्ताले कबोल अंक सम्झौता बखत नै एकमुष्ट नगदै दाखिला गरेमा कबुल अंकको १० प्रतिशत छुट दिइने छ ।
१०. बोलकबोल कर्ता ले आफुले कबोल गरेको अंकलाई सम्झौतामा उल्लेखित किस्ता बमोजिम दाखिला गर्नुपर्ने छ । प्रथम किस्ता चलन पुर्जी लिन अगावै र अन्य किस्ता शर्तनामा मा उल्लेख गरे अनुसार हुनेछ ।
११. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यसै नगर कार्यपालिकाको कार्यलयमा सुरक्षित रहनेछ ।
१२. थप जानकारीको लागि यस नगरपालिकाको राजस्व शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।
१३. बोलकबोल कर्ताले आफुले कबोल गरेको रकम अकं र अक्षरमा लेखेको हुनुपर्नेछ र अंक र अक्षरमा फरक परेमा अक्षर मा लेखेको रकम लाई मान्यता दिइने छ ।
१४. अन्य शर्त हरु प्रचलित कानुन तथा स्थानिय निकाय आर्थिक प्रशासन नियमाबली २०६४ मा उल्लेख भए अनुसार हुनेछ ।

तपसिल

| सि. न. | ठेक्काको नाम | आ.ब. | न्युनतम ठेक्का अंक |
|---|---|---|---|
| १ | कृष्णसारताल माछापालन ठेक्का,तुलापुर | आ.ब. २०७८/७९ सम्झौता भए देखी ०८३/०८४ भाद्र मसान्त सम्म ५ (पाच) बर्षका लागी | पाचं बर्षको रु ३७५०००/- ( तिन लाख पचहत्तर हजार |
| २ | डर्म्याड साइंड ताल, गु.न.पा. ८ | आ.ब. २०७८/७९ सम्झौता भए देखी ०८३/०८४ भाद्र मसान्त सम्म ५ (पाच) बर्षका लागी | १,५०,०००/( एक लाख पचास हजार) |
| ३ | टेपरीगाउं ताल , गु.न.पा. ९ | आ.ब. २०७८/७९ सम्झौता भए देखी ०८३/०८४ भाद्र मसान्त सम्म ५ (पाच) बर्षका लागी | ५०,०००/(पचास हजार) |
| ४ | नेपाल भारत सिमा देखी छठिमाता ताल सम्म( गु.न.पा. ७ | आ.ब. २०७८/७९ सम्झौता भए देखी ०८३/०८४ भाद्र मसान्त सम्म ५ (पाच) बर्षका लागी | ४,०००००/(चार लाख) |

Scanned with CamScanner